# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असार ४ गते २०३१ साल [अतिरिक्ताङ्क ११ (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय तथा अञ्चल समितिका सदस्यहरूको आचरणसम्बन्धी नियमहरू, २०३१

श्री ५ महाराजाधिराजबाट देहायबमोजिम गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय तथा अञ्चल अभियान समितिका सदस्यहरूको आचरणसम्बन्धी नियमहरू बनाइबक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय तथा अञ्चल समितिका सदस्यहरूको आचरणसम्बन्धी नियमहरू, २०३१" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "सदस्य" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय तथा अञ्चल समितिका मनोनीत सदस्यहरूलाई मात्र सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा ३८ (२) अनुसारको आयोग सम्झनु पर्छ ।

१६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. आचरण संहिताको पालनाः– (१) प्रत्येक सदस्यले यी नियमहरूको पालना गर्नु पर्छ ।

(२) कुनै सदस्यले यी नियमहरूमा लेखिएको कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पद अनुसारको आचरण नगरेको मानिनेछ ।

४. पञ्चायत व्यवस्थाको आधारभूत सिद्धान्तको विपरीत काम गर्न नहुनेः– कुनै सदस्यले पञ्चायत व्यवस्थाका आधारभूत सिद्धान्तहरूका विपरीत कुनै किसिमको आचरण गर्नु गराउनु वा गर्न दुरुत्साहन गर्न हुँदैन ।

५. पञ्चायत र वर्गीय संगठनको समन्वयको प्रतिकूल आचरण गर्न नहुनेः– कुनै सदस्यले दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थालाई सुदृढ बनाउने तथा पञ्चायत, वर्गीय र व्यावसायिक संगठनहरूलाई सक्रिय गराउने र तिनीहरूका बीच बढी समन्वय स्थापित हुने कार्यको प्रतिकूल कुनै आचरण गर्नु हुँदैन ।

६. सार्वजनिक वा सरकारी सम्पत्तिको दुरुपयोग गर्न नहुनेः– कुनै सदस्यले सार्वजनिक वा सरकारी सम्पत्तिको दुरुपयोग गर्न वा निजी कामको लागि उपयोग गर्न हुँदैन ।

७. अनुचित लाभ उठाउन नहुनेः– कुनै सदस्यले आफ्नो पदको प्रभाव देखाई वा अन्य प्रकारको प्रलोभन दिई व्यक्तिगत अनुचित लाभ उठाउने काम गर्नु हुँदैन ।

८. पञ्चायत व्यवस्थाको प्रतिकूल भएमा विरोध गर्नु पर्नेः– प्रत्येक सदस्यले आफू उपस्थित भएको ठाउँमा पञ्चायत व्यवस्थाको प्रतिकूल हुने काम कुरा भएमा त्यसको विरोध गर्नु पर्छ वा त्यसलाई बहिष्कार गर्नु पर्छ ।

९. पञ्चायतको प्रतिष्ठामा धक्का पुग्ने आचरण गर्न नहुनेः– कुनै सदस्यले पञ्चायतको प्रतिष्ठामा धक्का पुग्न सक्ने अथवा पञ्चायत व्यवस्थाप्रति श्रद्धा घट्ने किसिमको कुनै आचरण गर्नु हुँदैन ।

१०. गुटबन्दी गर्न नहुनेः– कुनै सदस्यले व्यवस्थाको प्रगतिमा बाधा उत्पत्ति हुने गरी कुनै किसिमको आपसी गुटबन्दी वा गतिविधि गर्न वा गराउन हुँदैन ।

११. "गाउँफर्क" अन्तर्गत गर्नु पर्ने काम अनिवार्य रूपले गर्नु पर्नेः– गाउँफर्क राष्ट्रिय अभियान कार्यक्रम अन्तर्गत अनिवार्य रूपले गर्नु पर्ने भनी तोकिएको काम प्रत्येक सदस्यले गर्नु पर्छ ।

१२. निष्पक्ष भई काम गर्नु पर्नेः– गाउँफर्क राष्ट्रिय अभियान नियमावलीमा आफूलाई तोकिएको काम निष्पक्ष भई गर्नु पर्छ ।

१३. कामको गोपनीयता कायम राख्नु पर्नेः– कार्यकर्ताहरूको मूल्याङ्कनसम्बन्धी कुराको गोपनीयता कायम राख्नु पर्छ ।

९५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. आचरणसम्बन्धी नियम पालन नगरेकोमा निर्णय गर्नेः– (१) यो नियमबमोजिमको उजूरी राष्ट्रिय पञ्चायतका सदस्यहरूको उजूरी हेर्ने आयोगले हेर्नेछ ।

(२) कुनै सदस्यले यो नियमबमोजिम आफ्नो पद अनुसारको आचरण गर्नु पर्नेमा गरेको छैन भन्ने लागेमा उजूर गर्ने व्यक्तिले थाहा भएसम्मको कुरा खुलाई त्यस्तो उजूरी आयोगमा पेश गर्न राजसभा सचिवालयमा दिनु पर्छ ।

(३) उप–नियम (१) बमोजिम उजूरी परेपछि राजसभाको सचिवले वास्तविक तथ्य सङ्कलन गरी आयोगमा पेश गर्नेछ ।

(४) यस्तो उजूरी हेर्दा आयोगले राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण-सम्बन्धी उजूरी हेर्दा अपनाइने कार्यविधि अपनाउनेछ । तर यी नियमहरू अन्तर्गतको उजूरी हेर्दा राजसभाको सचिवले आयोगको सचिव भई काम गर्नेछ र आयोगको बैठक साधारणतया राजसभा सचिवालयमा बस्नेछ ।

(५) यो नियमानुसार कारवाही भई आफूलाई तोकिएको आचरण नगरेको ठह-रेमा सो सदस्यलाई दुई वर्षसम्म पञ्चायत, वर्गीय एवम् व्यावसायिक संगठनको कुनै पनि निकायको चुनाव लड्न नपाउने गरी सो पदबाट निष्काशित गर्न सकिनेछ र त्यस्तो निष्का-शित व्यक्तिलाई उक्त अवधिभित्र सरकारी, अर्ध सरकारी सेवाको लागि समेत अयोग्य मानिनेछ । त्यसरी निष्काशित भएपछि निजको स्थान स्वतः रिक्त हुनेछ ।

हुकुमबक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

१६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।